# नगर उप-प्रमुख श्री मनकला कुमारी चौधरीद्धारा
# चौथौं नगर सभामा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

**राजापुर नगरपालिका**

**२०७६ अषाढ ८**

**प्रदेश नं. ५**

**"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार,**

**समावेशी र समृद्ध राजापुरको मूल आधार"**

**नगर सभाका अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

१. चौथौं गरिमामय नगर सभामा राजापुर नगरपालिकाको आ. व. २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति भएको छ ।

२. यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि राजनितीक आन्दोलनमा देश र जनताको हितका लागि आफ्नो अमुल्य जिवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान शहदिहरुप्रति भाव पुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाईते योद्धाहरु र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

**नगर सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७५।०७६ मा बढाईएका नीति तथा कार्यक्रमको उपलब्धी र कमीहरुको बारेमा संक्षेपमा चर्चा गर्दछु ।

३. संविधानमा व्यवस्था भएको स्थानीय सरकारको एकल अधिकारको विषयमा केही आवश्यक ऐन, कार्यविधि र कार्ययोजना बनाई काम भइ रहेकोछ यद्धपी साझा अधिकारका विषयमा स्पष्टता नभएको, संघ र प्रदेशले आवश्यक ऐन, कानून बनाई नसकेकोले अन्योलताका कारण केही काम कार्बाही अगाडी बढाउन कठिनाई भएको छ ।

४. नगरपालिकामा कर्मचारीको अभाव, कार्य सम्पादन गर्न भौतिक संरचनाको अपर्याप्तता र स्रोत साधनको कमिले आशातित उद्देश्य प्राप्ती गर्न नसके तापनि सन्तोषजनक काम भएका छन् ।

५. स्थानीय सरकारको क्षेत्र अधीकार भित्र पर्ने विषयगत शाखा वडा कार्यालय सञ्चालन र व्यवस्थापन गर्दै लगिएको छ।

६. राजापुर नगरपालिको नगर पार्श्वचित्र (Profile) र सडक, कृषि, पर्यटन गुरु योजना बनाई काम अगाडी बढाईएको छ।

७. नगरपालिकाको सबै ठाउँमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन स्वास्थ्य संस्था नभएका वडाहरुमा वडा स्वास्थ्य क्लिनिक सञ्चालन गरिएको छ यसै वर्ष वडा नं. ५ र ८ मा रहेका स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर र वडा नं. २ र ६ मा ल्याव सेवा सञ्चालन गरिएको छ साथै प्राथमिक स्वास्थ्य केन्द्र राजापुरलाई १५ शैयाको अस्पतालमा स्तरोन्ती गर्ने र वडा नं. ७ मा शहरी स्वास्थ्य क्लिनीकको भवन निर्माण कार्य अगाडी बढाईएको छ।

८. महिला लगायत लक्षीत वर्ग र समुदायका लगभग १००० जना ब्यक्तिहरुलाई वडा र नगरपालिका बाट विभिन्न सिप मुलक तथा आय मुलक तालिम सञ्चालन गरिएको छ ।

९. कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि ५०% अनुदानमा उन्नत जातका विउ विजनहरु वितरण, नश्ल सुधार, पशुपन्छी खोप तथा उपचार सेवा, तालिम र कृषि प्रर्दशनी मेला सम्पन्न गरिएका छन् ।

१०. शिक्षा क्षेत्रको समग्र विकास, अनिवार्य र गुणस्तरीय शिक्षाका लागि शैक्षिक गुणस्तर सुधार अनुदान, उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरष्कार, प्रथम मेयर कप प्रतियोगीता सञ्चालन, विद्यालयको भौतिक पूर्वाधार सुधार लगायतका कार्यहरु सम्पन्न भएका छन् ।

११. नगरपालिकालाई भौतिक पूर्वाधार सम्पन्न बनाउनका लागि सडक विस्तार, स्तरोन्ती, सडक कालोपत्रे, कल्भर्ट, पुल पुलेसा, सामुदायिक भवन आदी निर्माण भएका छन् ।

१२. विश्व ब्यापी रुपमा बढ्दै गएको जल बायु परिवर्तणको असरलाई न्यूनिकरण गर्नको लागि विभिन्न संघ, संस्था तथा कार्यालयहरु सँग समन्वय गरि जनचेतना मुलक कार्यक्रमहरु, वन तथा वातावरण संरक्षण, विपद् ब्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन भएका छन् र विपद् सम्बन्धि कार्यलाई प्रभावकारी बनाउनका लागि Practical Action र नगरपालिकाको

साझेदारीमा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रको भवन निर्माण र उद्धारका समाग्रीहरु व्यवस्था गरिएकोछ ।

१३. नगरपालिका र वडा कार्यलयहरुमा छिटोछरितो र पारदर्शी सेवा प्रदान गर्नका लागि Online व्यक्तिगत घटना दर्ता, Internet सेवा सञ्चालन भएको छ ।

१४. चालू आ. व. मा सञ्चालन तथा सम्पादन गरिएका कार्य बाट नगरपालिकाले लिएको दिर्घकालिन सोच **"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार, समावेशी र समृद्ध राजापुरको मूल आधार"** हाँसिल गर्नका लागि आधार तयार भएकोछ ।

**नगर सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१५. आधारभुत तथा माध्यमिक शिक्षालाई निशुल्क र अनिवार्य साथै समय सान्दर्भिक, व्यवहारिक र गुणस्तरीय बनाउने र कुनै पनि बालबालिका विद्यालय भन्दा बाहिर नरहने उद्देश्यका साथ विद्यार्थी भर्ना अभियान चलाईनेछ ।

१६. शैक्षिक कार्य संचालनमा एकरुपता ल्याउन शैक्षिक पात्रो छपाईने छ र कार्यान्वयमा जोड दिइनेछ ।

१७. अति गरिब, दलित, असहाय, कमलरि तथा द्धन्द्ध पिडित बालबालिकालाई पढ्न पाउने हकको सुनिश्चितताको लागि छात्रबृत्ति प्रदान गर्ने वातावरण मिलाइने छ ।

१८. पूर्ण साक्षर राजापुर नगरपालिका घोषणा गर्न अभियानको सुरुवात गरिनेछ ।

१९. सुशासन पारदर्शिता र जवाफदेहिताका लागि विद्यालयमा समाजिक परिक्षण, सार्वजनिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षणलाई निरन्तर व्यवस्थीत तथा समयवद्ध बनाईनेछ ।

२०. नगरपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयहरुको आधारभूत तह उत्तीर्ण परीक्षाको शैक्षिक उपलब्धीका आधारमा उत्कृष्ट विद्यालय र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

२१. राजापुर नगरपालिका स्तरिय सबै विद्यालय शिक्षणमा प्रभावकारीता ल्याउन निरन्तर अनुगमन निरिक्षण साथै कक्षा ८ को परिक्षा ब्यवस्थीत र मर्यादित बनाउन सुपरिवेक्षण गरिनेछ ।

२२. वालविकास कक्षालाई कलात्मक र प्रयोगात्मक शिक्षण विधि द्धारा सिकाईने वातावरण मिलाईनेछ ।

२३. संस्थागत विद्यालयमा अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियमन तथा नियन्त्रण गरिनेछ ।

२४. बालबालिकालाई खेल क्षेत्रमा अगाडी वढाउन र गतवर्षदेखि शुरु गरिएको मेयरकप प्रतियोगितालाई निरन्तरता दिईनेछ साथै अतिरिक्त कृयाकलाप संचालनका लागि विद्यालयलाई उत्प्रेरित गरिनेछ ।

२५. शैक्षिक गुणस्तर सुधार अनुदानको लागि बजेट विनियोजन गरिनेछ ।

२६. नगर भित्र रहेका सम्पूर्ण विद्यालयलाई बालमैत्री, अपाङ्ग मैत्री र हरित विद्यालय बनाउने नीति अवलम्वन गरिनेछ ।

२७. खेल जगतमा युवाहरुलाई आकर्षित गर्न विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।

२८. युवा क्लवहरु गठन गर्न प्रोत्साहन गरिनेछ ।

२९. राजापुर नगरपालिका भित्र १ देखि १० वटै वडामा खेल मैदानको सम्भाब्यतालाई अध्ययन गरि ब्यवस्थापनको लागि पहल गरिने छ ।

३०. राजापुर नगरपालिका वडा नं. ३ मा निर्माण कार्य शुरु गरिएको नगर स्तरीय खेलकुद मैदानलाई ब्यवस्थित गरी समयमै सम्पन्न गर्न थप बजेटको लागि संघ, प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३१. नागरिकहरुलाई सर्बसुलभ, भरपर्दो र गुणस्तरिय आधारभूत तथा इमरजेन्सी स्वास्थ्य सेवा सबैको पहुँचमा पुरयाउन आवश्यक भौतिक पूर्बाधार,दक्ष जनशक्ती र औजार उपकरणका लागी संघीय सरकार,प्रदेश सरकार तथा बिभिन्न निकायसँग समन्वय गरी छिटोछरितो सेवा उपलब्ध गराउनुका साथै सुरक्षित मातृत्व सेवा,खोप सेवा, पोषण, परिवारनियोजन सेवा जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन तथा ब्यवस्थापन गरीने छ ।

३२. नगरपालिकाको १० वटै वडामा संचालन भएको स्वास्थ्य सेवा थप प्रभावकारी बनाईने छ ।

३३. आधारभूत स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमाको सेवा बिस्तार तथा सर्बसुलभ र प्रभावकारी बनाउन आवश्यक कदम चालिने छ ।

३४. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा आवश्यक पूर्बाधार, औषधी, उपकरणका लागी ब्यवस्था मिलाई सिकल सेल एनिमिया जाँच सेवा तथा ईर्मजेन्सी सेवा समेत नियमित सुचारु गर्नका लागि वजेट विनियोजन गरिनेछ । साथै प्राथमिक स्वास्थ्य केन्द्र राजापुरलाई अस्पतालमा स्तरोन्नतिको लागी पहल गरिने छ ।

३५. नगरपालिकाको १० वटै वडामा आमा र नवजात शिशुको जीवन रक्षार्थ सुरक्षित प्रशूति सेवाको लागी बर्थिङ्ग सेन्टर बिस्तार गरीने छ । साथै बर्थिङ सेन्टर संचालन भएको सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरिय, भरपर्दो सेवा २४ सै घण्टा संचालन गर्न बजेट विनियोन गरिनेछ ।

३६. भवन नभएका स्वास्थ्य संस्थाको लागी जग्गा ब्यवस्थापन र भवन निर्माण गर्न वजेट विनियोजन गरिनेछ ।

३७. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी बनाई सुनौलो हजार दिनका आमा, किशोर किशोरी, ५ बर्ष मुनिका बालबालिकाको स्वाथ्य अवश्थामा सुधार ल्याउन बिभिन्न खालका (पोषण, परिवार नियोजन, बाल बिबाह आदि)

जनचेतना मुलक कार्यक्रमहरु संचालन गरी खानपानको ब्यवहार परिबर्तन गरिने छ ।

३८. क्षयरोग तथा कुष्ठरोग मुक्त नगरपालिका बनाउन आवश्यक प्रयोगशाला ब्यवस्थापन तथा प्रभावकारी कार्यक्रमहरु संचालन गरिने छ ।

३९. स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्न तोकीएका अत्यावश्यक औषधी, उपकरण तथा न्यानो झोलाहरुको निःशुल्क बितरण नियमित र प्रभावकारी बनाइने छ ।

४०. स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रमहरु संचालन गरी स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवाहरु गुणस्तरिय तथा प्रभावकारी बनाईने छ र पूर्ण खोप युक्त नगरपालिका सुनिश्चित गरिने छ ।

४१. "आर्थिक समृद्धीको पहिलो आधार कृषि" भन्नेनाराका साथ नगरपालिका क्षेत्रको संभाब्यता अध्ययन गरी कृषि उत्पादनमा ब्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण गरिने छ

४२. कृषक, कृषक समुह , कृषि सहकारी संस्थाहरुलाई प्रमुख वालीहरु, तरकारी तथा च्याउमा अनुदानको ब्यवस्था गरिनेछ । आकस्मिक बाली संरक्षणको लागी शतप्रतिशत अनुदानमा कितनाशक बिषादि बितरण गरिने छ ।

४३. कृषिलाई ब्यवसायिकरण ,आधुनिकिकरण नाफामूलक बनाउन उत्पादन लागत घटाउन कृषकको माग अनुसारको कृषि यन्त्र तथा औजारहरुमा ५० % अनुदानको ब्यवस्था गरिनेछ ।

४४. जैविक खेतिको सम्भावना अध्ययन गरी जैविक मल तथा जैविक विषादी बनाउन तालिमको ब्यवस्था गरिनेछ ।

४५. कृषि उपज तरकारीको बाहय आयात लाई निरुत्साहित गर्न बेमौसमि तरकारी खेतीलाई प्रोत्सहान गरिनेछ ।

४६. कम भू-स्वामित्व भएका आर्थिक श्रोतले कमजोर कृषकहरु पहिचान गरी उनिहरुको इच्छा र आवश्यत्ता अनुसारको बेमौसमी तरकारी खेति प्रविधि विषयक शीप तथा तालिमको उचीत ब्यवस्था मिलाइनेछ ।

४७. भूगोल र हावापानी अनुकुल हुने कृषि प्रणाली लागू गरिने छ । प्रधानमन्त्रि कृषि आधुनिकीरण परियोजना धान सुपर जोन कार्यान्वयन इकाई र कृषि ज्ञान केन्द्रको समन्वयमा चैते धान विस्तारको लागी उन्नत प्रबिधिको प्रसार गरिने छ ।

४८. कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न जिविकोपार्जन कृषिबाट ब्यावसायिक कृषिमा रुपान्तरण गर्न सीप तथा तालिमको ब्यवस्था गरिने छ ।

४९. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

५०. राजापुर नगरपालिका लाई कृषि पर्यटकीय स्थलको रुपमा बिकास गर्न कृषिमा दिगो वातावरण मैत्री , जैबिक बिबिधतायुक्त उन्नत प्रबिधिको विकास गरिने छ ।

५१. कृषक समूहहरुको आवश्यक्ता पहिचान गरी कृषक समुह दर्ता गर्न प्रोत्साहन गरि कृषक समूह दर्ता गरिने छ र पुराना कृषक समूहहरुलाई नबिकरण गरिने छ ।

५२. कृषि हाटबजारलाई ब्यवस्थित बनाउन तथा राजापुर नगरपालिकाभित्र हाटबजारको सम्भावना भएका क्षेत्रमा हाटबजार बिस्तारको लागी पहल गरिने छ ।

५३. **"आर्थिक समृद्धिको आधार पशुपन्छी पालनमा सुधार"** भन्ने मुल नाराकासाथ नगरपालिका क्षेत्रको संभाब्यता अध्ययन गरी पशुपन्छी पालनमा ब्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकरण गरिनेछ ।

५४. ब्यवसायिक पशुपन्छी पालन उत्पादन प्रशोधन तथा बजारकिरण गरिने स्थल सम्म कृषि सडक सञ्जाल पुर्याउन पहल गरिनेछ । नगरपालीकामा ३ पी ( Place, Production & Promotion) को अवधारणा मार्फत पशुपन्छी बजार सञ्चालनको सुदृढिकरण र विस्तार गरिनेछ ।

५५. भुगोल र हावापानी अनुकल हुने पशु पालन प्रणाली लागु गरिनेछ । पशु पालनसँग सम्बन्धि औजाार, घाँसको बीउबिजन, नश्ल सुधार, औषधी उपचार, पशुपन्छी खोप तथा तालिमको व्यवस्था मिलाईनेछ ।

५६. पशुपालन पेशालाई सम्मानित, मर्यादित र पशु पालकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधारका उपायहरुको अवलम्बन गरिनेछ ।

५७. मासु, अण्डा तथा दुध्धजन्य उत्पादकत्वको सुरक्षण, भण्डारण गरि बाह्य बजारसम्मको पहुँच बढाउन सम्बन्धित सबै पक्षको सहभागितामा नगर स्तरमै दुध चिस्यान केन्द्र तथा कोल्ड स्टोर स्थापना तथा संचालन प्रकृया अगाडी बढाईनेछ ।

५८. कृषि तथा पशु अनुसन्धान केन्द्रको समन्वयमा पशुपालनका विविध बिषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई बढावा गरिने छ ।

५९. पशुपन्छी बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।

६०. नगरक्षेत्र भित्र क्रियाशिल पशु स्वास्थ्य कर्मीहरुलाई व्यवस्थित तरिकाले परिचालनको व्यवस्था मिलाईने छ ।

६१. एक वडा एक पशु प्राविधिकको नीति अवलम्बन गरि नगरपालिकाबाट प्रबाह गरिने पशुपालन सेवाको पहुँच विस्तार गरिनेछ ।

६२. पशु पन्छी पालन गर्न ४०% अनुदान सहित तालिमको व्यवस्था गरिने छ ।

६३. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न अल्पकालिन तथा दीर्घकालीन रणनीतीहरु अवलम्बन गरि योजना तय गरिने छ ।

६४. उच्च मुल्यका पशुपन्छी जन्य बस्तुहरुको उत्पादन र बजार व्यवस्थापनमा जोड दिईने छ ।

६५. दुध उत्पादनकालागि नीति अवलम्बन गरि दुधजन्य उद्योगलाई प्रोत्साहन गरिने छ ।

६६. नगरपालिका भित्रका पशुपन्छी फार्म, मासु पसल तथा एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ ।

६७. कृषि जैविक विविधता श्रोत संरक्षणकालागि पशुपन्छीका लोपोन्मुख जातहरुको विस्तार तथा संरक्षण गरिने छ ।

६८. पशुपन्छी जन्य रोगहरुको परिक्षण तथा निदान गर्न आधारभूत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला (Basic Veterinary Laboratory) को स्थापना प्रकृया अगाडी बढाईने छ ।

६९. पर्यटन गुरुयोजनालाई कार्यान्वयनमा जोड दिदै लगिनेछ ।

७०. अर्नहुवा ताल, वदालपुर नर्सरी र कोठियाघाटलाई ब्यवस्थीत पर्यटकीय स्थलको रुपमा परिणत गरिने छ ।

७१. कर्णाली र गेरुवा नदिमा ऱ्याफ्टिङ्ग संचालन गर्नको लागि आवश्यक पहल गरिनेछ।

७२. राजापुर नगरपालिकाको पशिचम सत्तिघाट माथि र कर्णली नदिको किनारमा ब्यवस्थित चिल्ड्रेन पार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

७३. पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र विस्तारका लागि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

७४. राजापुर नगरपालिका वडा न १ मुर्गहवामा संचालनमा गरिएको होमस्टेलाई ब्यवस्थित गर्न आवश्यक सहयोग गरिने छ ।

७५. राजापुर नगरपालिका पर्यटनमैत्री सफा, सुन्दर र आकर्षक बनाउन **"My Municipality green and clean city"** अभियानको रुपमा कार्यक्रम अगाडी बढाईने छ ।

७६. राजापुर नगरपालिका - २ गुवारीमा थारु साँस्कृतिक संग्रालय तथा सुचना केन्द्र निर्माणको लागि गुरुयोजना बनाई निर्माण कार्य अघि बढाइनेछ।

७७. नगरपालिका भित्रका सडकहरु ब्यवस्थित र सुरक्षित बनाउनको लागि नगरस्तरीय सडक गुररुयोजना अनुसार सडक निर्माण कार्य अगाडि बढाइनेछ ।

७८. नगर क्षेत्रमा रहेका मुख्य मुख्य सडकको स्तरोन्नती गरिने छ, स्तरोन्नती भएका सडकहरुको क्रमश : कालो पत्रे गरिने छ ।

७९. सडक क्षेत्र अधिकार मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । त्यस्ता कार्य भए गरेको पाईएमा प्रचलित कानून बमोजिम सजायको दायरा भित्र ल्याउने नीति अवलम्वन गरिने छ । नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईने छ ।

८०. नगरपालिका बाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्भारका लागि मर्मत सम्भार कोष स्थापना लाई निरन्तरता दिदै नगरपालिकास्तरिय मर्मत सम्भार कार्यविधि निर्माण गरि सो अनुसार कार्यान्वयन गरिने छ ।

८१. राजापुर नगरपालिका वडा न १ को दौलतपुरघाट कर्णाली नदीमा पक्की पुल निर्माणको लागी नेपाल सरकार सग आवश्यक पहल गरिने छ ।

८२. नगरपालिकाको निर्माणाधिन बस पार्कलाई पूर्णता दिईने छ ।

८३. प्रत्येक वडामा ब्यवस्थित वडा कार्यालयको भवन निर्माण गरी सेवा प्रवाह गरिने छ ।

८४. आगामि ३ बर्ष भित्र नगरपालिका भित्र रहेका सबै सडकहरुको स्तरोन्नति गरी ग्रभेल गरिने छ साथै सबै वडा कार्यालय सम्म पुग्ने सडक कालोपत्रे गरिने छ।

८५. नगरपालिकामा रहेका नदि, नाला र कुलाहरुमा पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

८६. सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीति अवलम्वन गरिनेछ ।

८७. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण गरी पूर्वाधार निर्माण, संस्थागत र ब्यवसायिक विकास र नियमनमा जोड दिईनेछ ।

८८. कृषि उत्पादन र बजारिकरण गर्दै सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

८९. सहकारी मार्फत कृषि फर्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईनेछ ।

९०. सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरु संग समन्वय गरिनेछ ।

८१. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

८२. नगरपालिका भित्र रहेका सहकारीहरुलाई सहकारी खेती र सामूहीक खेती गर्न प्रेरित र प्रोत्साहित गरिनेछ ।

८३. नगरपालिकाका सहकारीहरुलाई सामूहिक र सहकारी खेती गर्न सिचाई सुविधाको ब्यवस्थापन, कृषि ब्यापार ब्यवस्थापन, ग्रेडिङ्ग, प्याकिङ्ग, स्टोर ब्यवस्थापन, कोल्ड स्टोर स्थापना र प्रोसेसिङ्ग ब्राण्डिङ्ग गर्न संघ र प्रदेश सरकार सँग आवश्यक बजेट माग गरिनेछ ।

८४. उद्यमशिलता विकासको माध्यमद्धारा रोजगारी तथा स्वरोजगारीको अवसर सृजना मार्फत आयस्तरमा बृद्धि गरी नगरपालिकाको सर्वाङ्गिण विकासको लागि विशेष जोड दिईनेछ ।

८५. नेपाल सरकार द्धारा संचालित प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई नतिजामुखि कार्यन्वयन गरी बेरोजगार ब्यक्तिहरुलाइ रोजगारी प्रदान गरिने छ ।

८६. शिक्षित तथा बेरोजगार युवाहरुलाई प्रविधि सहितको आयमुलक तथा शिपमुलक तालिम प्रदान गरी रोजगारी सिर्जना गरिने छ ।

८७. नगरपालिका भित्र उद्योग स्थापनाका लागि सम्भाब्यता अध्ययन गरिने छ ।

८८. नयाँ उद्योगहरु स्थापना गर्न लगानीमैत्रि वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।

८९. संचालनमा रहेका उद्योग, फर्म तथा पसलहरुको दर्ता नविकरण र नियमन गरिने छ ।

१००. उपभोक्ता हित संरक्षण गर्ने नीति बनाईनेछ ।

१०१. मझौला तथा ठुला उद्योग स्थापनाको लागि संघ, प्रदेश र निजि क्षेत्र सग आवश्यक समन्वय गरिने छ ।

१०२. प्रदेश सरकार सग समन्वयन गरी नगरपालिकामा उधोगग्राम स्थापनाको लागि आवश्यक पक्रिया अगाडि बढाइनेछ ।

१०३. नेपाल सरकारको सहयोगमा राजापुर नगरपालिका वडा नं ४ को संघर्षनगरमा विशेष आर्थिक क्षेत्र (Special economic zone) निर्माण गर्नको लागि आवश्यक समन्वय गरिने छ ।

१०४. राजापुर नगर पालिकाको आर्थिक ऐन २०७६ बनाई कार्यन्वयन गरिने छ ।

१०५. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ । नगरपालिकाको आन्तरिक आय बढाउनको लागि नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाईने छ । कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ । सबै किसिमका ब्यवसायलाई करको दायरामा ल्याइने छ ।

१०६. करदाताको अभिलेख अद्यावधिक गरिने छ । नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क सँग आवद्ध गरी आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्बन गरिने छ ।

१०७. राजश्व परामर्श समितिको सुझावका आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ ।

१०८. तोकिएको समयमै कर वुझाउने करदातालाई सम्मान गरिनेछ । साथै करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिनेछ ।

१०९. करका नयाँ संभावनाका क्षेत्रहरु पहिचानका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

११०. सम्पुर्ण करहरु नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गरिनेछ ।

१११. स्थानीय कृषि उद्योग तथा ब्यापार ब्यावसाय प्रबर्द्धन र रोजगारी श्रृजनामा योगदान दिने किसिमको कर नीति अवलमबन गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

११२. राजापुर सिचाई आयोजनासगं समन्वय गरी यस नगरपालिका भित्रका सिंचाई प्रणालीहरुलाइ ब्यवस्थित बनाइ कृषियोग्य भुमिमा सिचाईको भरपर्दो ब्यवस्था गरिने छ । सुख्खा तथा पानी नलाग्ने क्षेत्रमा सिचाईको लागि सोलार बोरिगं तथा डिजेल बोरिगंको ब्यवस्था गरिने छ ।

११३. सिचाईको लागि पानीको न्यायोचित वितरण गर्न बुढी कुला तथा अन्य शाखा कुलाहरुको आवश्यक स्थानमा इन्टेक निर्माण गरिने छ । सिचाई कुलाहरुमा बालुवाले ल्याउने समस्या (Siltation) निराकरण गर्न आवश्यक पहल गरिने छ ।

११४. नगरपालिकामा व्यवस्थित शहरी विकासका लागि शहरी विकास तथा भवन निर्माण आचार संहिता २०७२ अनुसार भवन निर्माण कार्यलाई अगाडी बढाईनेछ । राजापुर बजार लगायत नगरपालिकामा रहेका अन्य बजारहरुलाई व्यवस्थित गरिनेछ ।

११५. नगरपालिकामा अभिलेखिकरण नभएका घरहरुको अभिलेखिकरण गरिनेछ र नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घर धनीलाई नगरपालिका बाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम दण्ड जरिवाना गरिने छ।

११६. सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन ।

११७. एकिकृत वस्ति विकास योजना बनाई कृषि, उद्योग, आवास र बजार क्षेत्र निर्धारण गरिनेछ। कृषि योग्य भूमीलाई जथाभावी प्लटिङ्ग गर्ने प्रवृतिलाई पूर्ण रुपमा निरुत्साहीत गरिनेछ ।

११८. यस नगरपालिकामा व्यवस्थित शहरी विकासका लागि शहरी विकास तथा भवन निर्माण आचार संहिता कार्यविधी निर्माण गर्ने प्रकृया अगाडी बढाईनेछ ।

११९. **"एक वडा एक एकिकृत बस्ती"** विकासमा जोड दिइनेछ । एकिकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

१२०. नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरि भूमिहीन सुकुम्बासी तथा मुक्तकमैयाहरुको व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिने छ । छुट मुक्त कमैयाहरुको लगत संकलन र छानविनका लागि सम्बन्धित निकायमा अनुरोध गरिने छ । जनता आवास कार्यक्रम विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

१२१. नगरपालिकामा विद्युतिकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । नेपाल विद्युत प्राधिकरण यूनिट कार्यालय राजापुर सँग समन्वय गरि काठका पोललाई क्रमशः विस्थापित गरी सिमेन्टका पोल प्रयोग गरिनेछ र सबै वडाका मुख्य वजार, सर्वजनिक स्थल, सिमा क्षेत्र र मुख्य सडकहरुमा सडक वत्ति राख्ने नीति अवलम्बन गरिने छ ।

१२२. नगरपालिका क्षेत्र भित्र वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहीत गरिने छ । साथै नगरपालिका भित्रको वस्तिमा बायो ग्यास तथा सुधारिएको चुलो जडान गरी धुवाँ मुक्त घर वा वस्ति बनाउने कार्य अगाडी वढाईनेछ ।

१२३. वन तथा जैबिक विविधताको संरक्षण गर्दै वन ब्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ साथै सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिन र सडक छेउहरुमा बृक्षारोपण गर्दै लगिने छ ।

१२४. नगरपालिका सबै वडाहरु समेट्ने गरी जलवायु परिवर्तन सम्वन्धी स्थानीय अनुकुलन कार्ययोजना र जलवायु उत्थानशिल विकासका योजनाहरुलाई तर्जुमा गरी प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ । अनुकुलन क्रियाकलापहरु कार्यन्वयन गर्दा संकटासन्न क्षेत्र, वस्ति, समुदाय र घरधुरीहरुलाई प्राथामिकता दिइने छ ।

१२५. वन तथा बातावरण सम्बन्धि जन चेतना जगाउन सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण संरक्षण जलबायु परिवर्तण र विपद् ब्यवस्थापन सम्बन्धि कार्यक्रमहरुलाई प्रथमिकता दिईनेछ । यस कार्याका लागि नगरपालिका स्तरीय कार्यविधी निर्माण गरिनेछ ।

१२६. राजापुर नगरपालिका भित्र रहेका नदि नाला ताल तलैया सिमसार क्षेत्रहरुको अतिक्रमण रोकथाम गरि संरक्षणका कार्यक्रम संचालन गरिने छ । नदी जन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् गर्दा प्रारम्भिक बातावरणिय परिक्षण तथा वातावरणिय प्रभाव मूल्याकंन प्रतिवेदन तयार गरी मात्र गरिनेछ ।

१२७. प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न स्थानीय विपद जोखिम ब्यवस्थापन योजना तर्जुमा गरीने छ । प्रत्येक वडा तथा वस्तिमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिने छ ।

१२८. नगरपालिकामा स्थापित स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रमा वाढी पूर्व सूचना प्रणाली र मौसम पूर्व अनुमान सूचना प्रणलीलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२९. विपद् ब्यवस्थापनलाई मध्यनजर गरि विभिन्न स्थानमा सुरक्षीत आश्रय स्थल र अन्न भण्डार कक्षको ब्यवस्थापन गरिने छ । विपद् पिडितलाई तत्काल राहत दिनका लागि नगरपालिका र सरोकारवाला सबैको सहभागितामा छुट्टै कोषको स्थापना गरिने छ ।

१३०. **"हामि सबैको रहर, सफा र सुन्दर नगर"** को नारा सहित फोहरमैलालाई उचित स्थानमा ब्यवस्थापन गरिने छ । जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न कानूनी कारवाहीको प्रकृया अवलम्वन गरिने छ ।

१३१. राजापुर बजारमा ब्यवस्थित ढल ब्यवस्थापनका लागि DPR तयार गरि सो अनुरुप कार्यान्वयन गरिनेछ । वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईने छ ।

१३२. राजापुर नगरपालिकामा फोहरमैलाको उचित ब्यवस्थापन गर्नका लागि ल्याण्डफिल्ड साईटको निर्माण कार्य अगाडी बढाईनेछ । बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाँधेको वा छाडा छाडेको पाइएमा दण्डित गरिने छ ।

१३३. **"फोहरबाट मोहोर"** भन्ने नाराका साथ फोहोर मैला प्रशोधन सम्बन्धि काम गर्ने सरकारी, गैहसरकारी, सामुदायीक तथा नीजि संस्थाहरु सँग आवश्यक समन्वय गरि कृर्याकलापहरु संचालन गरिनेछ ।

१३४. कर्मचारी र जनप्रतिनिधिले अवलम्बन गर्ने आचारसंहिता लागू गरिने छ । सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक ब्यवस्था मिलाइने छ ।

१३५. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइने छ ।

१३६. कर्मचारीलाई उत्प्रेरित गर्न उपयुक्त ब्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालन गरिने छ । कार्य सम्पादनका आधारमा दण्डित तथा पुरष्कृत गर्ने नीति अवलम्वन गरिने छ ।

१३७. प्रत्येक वडा तथा नगरकार्यपालिकामा नागरिक वडापत्र राख्ने ब्यवस्था मिलाईने छ । नगरबासी सँग भेटघाट गरी गुनासो सुनि सो को सम्बोधन गरिने छ ।

१३८. क्षमता बिकास योजना बनाई कार्यालयमा कार्यरत कर्मचारीलाई आवश्यकताको आधारमा तालीम दिइनेछ । हाम्रो सेवा प्रवाह र बिकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै प्रबिधिमैत्री बनाउन आबश्यक पहल गरिनेछ ।

१३९. हाम्रा राष्ट्र सेबक कर्मचारीहरुलाई जिम्मेवार , कर्तब्यनिष्ठ र उत्तरदायी बनाई आचरणमा सकारात्मक परिबर्तन ल्याउन सुचकसहित कार्यसम्पादन सम्झौता गरिनुका साथै दण्ड पुरुष्कारको उचित र प्रभाबकारी ब्यबस्था  गरिनेछ ।

१४०. भ्रष्टाचार बिरुद्ध ब्यक्त गरिएका प्रतिबद्धता अनुरुप भ्रष्टाचार बिरुद्धको शुन्य सहनशिलताको नीतिमार्फत नगरको सार्बजनिक प्रशासनमा सदाचारीता अभिबृदि गरिनेछ । मुस्कान सहितको सेवा, टोकन प्रणाली First Come First Service नीति अवलम्वन गरिनेछ ।

१४१. राजापुर नगरपालिकामा सबै प्रकारका सूचनाका माध्यम जनसमुदायको पहुच पुर्याउन संचारको माध्यमलाई निष्पक्ष, मर्यादित जिम्मेवार, ब्यवसायिक र प्रर्तिस्पर्धी बनाईदै लगीनेछ । साथै एकीकृत सूचना पोर्टल निर्माण गरिनेछ ।

१४२. सञ्चार माध्यमलाई गुणस्तरिय र ब्यवसायिक बनाउन सरोकारवलाहरु सँग समन्वय गरि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ राम्रो काम गर्ने सञ्चारकर्मीहरुलाई प्रोत्साहीत गरिनेछ ।

१४३. नगरपालिकाको योजना तथा कार्यक्रमहरुको गतिविधि चौमासिक रुपमा सर्वजनिक सुनुवाई गरिने छ ।

१४४. प्रत्येक वडामा मालपोत र अन्य सेवाहरु Online मार्फत प्रदान गरिनेछ ।

१४५. प्रत्येक वडामा Digital हाजिरी रजिष्टरको ब्यवस्था गरिनेछ । जिन्सी शाखालाई ब्यवस्थित गर्नको लागि जिन्सी Software लागु गर्ने ब्यवस्था मिलाईने छ ।

१४६. राजापुर नगरपालिकाको नयाँ भवनमा Digital Notice Bord / CCTV Camera आदि लगाउने ब्यवस्था गरिनेछ ।

१४७. नगरपालिकाको प्रकाशनहरु सेवा ग्राहीसँग सहज रुपमा पुऱ्याउने प्रवन्ध मिलाई नगरबासीहरुलाई सहज रुपमा सूचना पाउने वातावरण मिलाईने छ ।

१४८. राजापुर नगरपालिकामा सबै प्रकारको सेवा गुणस्तरको मापक तयार गरिने र निर्णय प्रकृयालाई सिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईने छ ।

१४९. नगरपालिकाबाट भएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शि बनाईने छ । उपभोक्ता समिति र निर्माण ब्यावसायीबाट निर्माण भएका कामहरुको अनुगमन तथा मुल्याङ्कन गरि राम्रो काम गर्ने उपभोक्ताहरुलाई प्रोत्साहन गर्ने ब्यवस्था मिलाईने छ ।

१५०. योजनाहरु समयमा सम्पन्न नगर्ने उपभोक्ता समिति र निर्माण ब्यवसायिहरुलाई नियमानुसार कारवाहिको दायरामा ल्याईने छ ।

१५१. स्थानीय सरकारको न्यायपालिकालाई प्रभावकारी र ब्यवस्थित बनाई न्याय निरुपणमा शिघ्रता एवम् निशुल्क कानुनी सेवालाई विस्तार गरिने छ । नगरपालिका भित्र विबाद सामाधानका लागि आवश्यक सयन्त्रको ब्यवस्था गरिने छ ।

१५२. न्याय समितिलाई सहयोग पुऱ्याउन प्रत्येक वडामा मेलमिलाप डेक्स तयार गर्ने नीति अवलम्बन गरिनेछ । न्यायिक समिति र मेलमिलाप कर्ताहरुलाई पूर्ण कालिन तालिमको संचालन गरि क्षमता अभिबृद्धि गरिनेछ ।

१५३. जातिय भेदभाव तथा छुवाछुतको अन्त्य गरिनेछ । दलित समुदायको आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई समयसापेक्ष ब्यावसायिकरण गरिने छ ।

१५४. लक्षित वर्ग र समुदायका लागि कार्यक्रम सञ्चालन गरी थप सशक्तिकरण गरिने छ । जेष्ठ नागरिक र अपाङ्ग परिचयपत्र नगरपालिकाबाट वितरण गर्ने ब्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

१५५. जेष्ठ नागरिकहरुलाई सम्मानको लागि जेष्ठ नगरिक दिवस मनाईने वातावरण मिलाईनेछ । जेष्ठ नागरिक हरुलाई सम्मान गर्न छोरा छोरीलाई प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।

१५६. उद्योग बाणिज्य संघ, बालक्लव, बालसंजाल सँगको समन्वयमा राजापुर नगरपालिकालाई बालश्रम मुक्त र बालमैत्री नगरपालिका घोषणा गरिने छ ।

१५७. बालक्लब तथा संजाल गठन तथा बिस्तार गरि बालबालिका भोलिका कर्णधार मात्र नभएर वर्तमानका साझेदार हुन भन्ने नीति अवलम्बन गरिने छ ।

१५८. बालबिवाह निरुत्साहीत तथा न्यूनिकरण गर्न नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु बालविवाहमा सरिक नहुने तथा सम्पूर्ण नगरबासिहरुलाई सरिक नहुन जनचेतना अभिबृद्धि गरिनेछ ।

१५९. नगरक्षेत्रको सबै वडामा पूर्ण सरसफाई अभियान सञ्चालन गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय गरि सरसफाई कार्यलाई ब्यवस्थीत गरिने छ ।

१६०. महिलाको मौलिक हक अधिकार र कानुन सम्बन्धी सचेतनमुलक कार्यक्रमहरु संचालन गरिने छ । महिला हिंसा रहित नगरपालिका स्थापित गर्न आवश्यक कदम चालिने छ ।

१६१. महिलाहरुलाई सबै क्षेत्रमा पहुच पुर्‍याउन र आर्थिक तथा सामाजिक विकासका लागी सिपमूलक तथा आयमूलक कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

१६२. मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण गरिने छ ।

१६३. एकल महिला तथा हिंसा पिडित महिलाहरुलाई आत्मनिर्भर बनाउन शिप मुलक तथा आय मुलक तालिम सञ्चालन गरिनेछ ।

१६४. मुक्त कमलरि महिलाको लागि सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।

१६५. प्रदेश सरकारको घरेलु हिंसा मुक्त प्रदेश निर्माण कार्यक्रमलाई प्राथमिकता दिई यस नगरपालिका भित्र सो अनुरुपका क्रियाकलापहरु संचालन गरिनेछ साथै त्यस्ता क्रियाकलापहरु गर्दा नगरपालिका भित्र क्रियासिल संघ, संस्था र समूहलाई प्रोत्साहन गरिनेछ ।

१६६. हिंसा पिडित महिलाहरुका लागि पुर्नस्थापना केन्द्र संचालन गर्न प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ ।

१६७. तल देखी माथि जाने नीति अनुसार बस्ती स्तरबाट योजना तर्जुमा छनौट गरिने छ । योजना छनौट तथा प्रथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति,

गरिबी निवारण, दिगो विकास लक्ष्य, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।

१६८. बढी भन्दा बढी जनसहभागिता र स्थानीय स्रोत सामाग्री प्रविधिको प्रयोग हुने योजनालाई प्राथमिकता दिईने छ । साना योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्राथमिकता दिईने छ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा राजापुर नगरपालिकाको नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गर्नु हुने नगर प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा वडा सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, राजनैतिक दल, पत्रकार, सुरक्षाकर्मी, बुद्धिजिवी, समाजसेवी, ब्यापारीहरु सबै प्रति आभार सहित बिशेष धन्यवाद दिन चाहन्छु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सवै पक्षबाट सुझाव सल्लाह र सहयोगको अपेच्क्षा गर्दछु ।

धन्यबाद ।

**फोन नं. :- ८४-४६००८८, ०८४-४६००८७, ०८४-४६०१११**

**ईमेल :- rajapurmun@gmail.com,**

**ito.rajapurmun@gmail.com**